# आदर्श गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड :- १० (दश) संख्या :- ३ (तीन) राजपत्रमा प्रकाशित मिति :- २०८३/०४/०१

बैठकबाट स्वीकृती मिति :- २०८३/०३/२४

प्रमाणिकरण मिति : २०८३/०३/२४

**भाग – २**


# आदर्श गाउँपालिकाको अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः**

आदर्श गाउँपालिकाभित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरीक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै स्वास्थ्य सेवालाई विशिष्टिकृत गराउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार १५ शैया सम्मको अस्पताल स्थानीय सरकारले आफै स्थापना गर्न तथा सञ्चालन गर्न सक्ने गरी स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र समावेश भएको हुँदा आधारभूत अस्पताल स्थापना तथा सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि आदर्श गाउँपालिका, गाउँकार्यपालिकाको बैठकबाट मिति २०८३।०३।२४ मा यो “आदर्श गाउँपालिकाको अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३” स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम आदर्श गाउँपालिकाको अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकावाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"अस्पताल"** भन्नाले आदर्श गाउँपालिकाले सञ्चालन गरेको अस्पताललाई सम्झनुपर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) **"प्रमुख"** भन्नाले आदर्श गाउँपालिकाको गाउँपालिका प्रमुखलाई सम्झनुपर्छ ।

(घ) **"अस्पताल प्रमुख"** भन्नाले अस्पताल विकास समितिले तोकेको कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) **"उप प्रमुख"** भन्नाले आदर्श गाउँपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।

(च) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले आदर्श गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ज) "कार्यविधि" भन्नाले आदर्श गाउँपालिकाको अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनुपर्छ ।

(झ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले आदर्श गाउँपालिका सम्झनुपर्छ ।

(ट) "गाउँपालिका क्षेत्र" भन्नाले आदर्श गाउँपालिकाको भूभाग सम्झनुपर्छ।

(ठ) "स्वास्थ्य शाखा" भन्नाले यस आदर्श गाउँपालिका अन्तरगतका अस्पतालसहित सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई सञ्चालन, नियमन तथा व्यवस्थापन गर्न आदर्श गाउँपालिकामा अवस्थित स्वास्थ्य शाखा सम्झनु पर्दछ ।

आदर्श गाउँपालिका

(ड) "पदाधिकारी" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीहरूलाई सम्झनुपर्छ ।

(ढ) "समिति" भन्नाले दफा ६ बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति/विकास समितिलाई सम्झनुपर्छ ।

(ण) "प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(त) "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(थ) "सदस्य सचिव" भन्नाले अस्पताल सञ्चालनका लागि तोकेको १ जना मे. सु. वा मे.अ. वा अन्य स्वास्थ्यकर्मीहरूलाई सम्झनुपर्छ ।

(द) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरीकको स्वास्थ्य सेवाको आवश्यकता पूरा गर्नका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रर्वधनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन, सेवाहरू र गुणस्तर सुनिश्चितता सम्बन्धी

### ३. अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन प्रकृयाः

(क) अस्पताल/स्वास्थ्य संस्थाको स्थापना गरीने क्षेत्रमा बसोवास गर्ने जनताको आवश्यकतालाई मध्यनजर गर्दै अस्पताल/स्वास्थ्य संस्था स्थापना गर्न आवश्यक रहेको र सो क्षेत्रमा अस्पताल/स्वास्थ्य संस्था स्थापना गर्ने भनी गाउँसभा/कार्यपालिकाबाट निर्णय भएको हुनुपर्नेछ।

(ख) अस्पताल/स्वास्थ्य संस्था सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको सम्बन्धमा दरबन्दी संरचना निर्माण गरी गाउँसभा/कार्यपालिका बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

(ग) करार सेवामा कर्मचारी व्यबस्थान तथा पदपूर्ति गर्दा सार्वजनिक सूचना गरी खुल्ला प्रतिस्पर्धा गरी पदपूर्तिको व्यवस्था गरीनु पर्दछ ।

आदर्श गाउँपालिका

(घ) अस्पताल स्वास्थ्य संस्था पूर्णरुपमा स्थापना भई सञ्चालनमा आउनुपूर्व गरीने सम्पूर्ण तयारी पूर्वाधार विकास, सामाग्री खरिद तथा व्यवस्थापन, कर्मचारी व्यबस्थापन, स्रोत परिचालन, कार्य अनुगमन, नियमन तथा सम्पूर्ण कार्यहरू गाउँ कार्यपालिकाको कार्यालयमार्फत गरीनेछ। अस्पताल/स्वास्थ्य संस्था पूर्ण रुपमा सञ्चालनमा आए पश्चात् अस्पताल/स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनको लागि यस कार्यविधिले तोके बमोजिमको अस्पताल/स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन गरी संस्था व्यवस्थापन तथा सञ्चालनका लागि जिम्मेवार बनाइनेछ ।

(ङ) अस्पताल/स्वास्थ्य संस्था आदर्श गाउँपालिकामार्फत स्थापना भई सञ्चालनमा आएता पनि नियमानुसार प्रदेश/संघीय सरकारले अपनत्व लिनलाई कुनै वाधा पर्ने छैन साथै प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त हुने स्थायी/करार सेवाका जनशक्तिलाई पदस्थापन गरी कामकाजमा खटाउन कुनै बाधा पर्ने छैन ।

(च) अस्पतालको हकमा प्रचलित कानुनको अधिनमा रही अस्पतालबाट प्रदान गरीने आधारभूत स्वास्थ्य सेवाबाहेकको थप सेवा सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गराइ स-शुल्क सेवाहरू थप गर्नका लागि बाधा पर्ने छैन। साथै सोबाट प्राप्त रकम अस्पतालको आन्तरिक आम्दानीमा जम्मा गर्नुपर्नेछ। आवश्यकता अनुसार उक्त रकम आदर्श आधारभूत अस्पतालले अस्पतालको मर्मत, विकास, सञ्चालनलगायत जनशक्ति व्यबस्थापनमा खर्च गर्न सक्नेछ ।

(छ) अस्पताल तथा बर्थिङ सेन्टरको हकमा अस्पताल तथा बर्थिङ सेन्टरमा काम गर्ने चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र नर्सिङ स्वास्थ्यकर्मीहरूलाई नेपाल सरकारबाट उपलब्ध हुने अतिरिक्त सेवा वापतको भत्ता, जोखिम भत्ता रात्रिकालीन सेवा भत्ता तथा स्थानीय सरकारको निर्णय अनुसार उपलब्ध गराउने अन्य भत्तासमेत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

**४. अस्पताल/स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन हुने मुख्य सेवाहरू:**

(१) परिवार सेवा
(२) आधारभूत स्वास्थ्य सेवा
(३) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा
(४) खोप सेवा
(५) पोषण सेवा
(६) झाडापखाला नियन्त्रण कार्यक्रम

(७) श्वासप्रश्वास रोग नियन्त्रण कार्यक्रम
(८) औलो तथा कालाजार नियन्त्रण कार्यक्रम
(९) क्षयरोग नियन्त्रण कार्यक्रम
(१०) कुष्ठरोग नियन्त्रण कार्यक्रम
(११) एड्स यौन रोग नियन्त्रण कार्यक्रम
(१२) महामारी नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन कार्यक्रम
(१३) वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन
(१४) स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार
(१५) गाउँघर क्लिनिक कार्यक्रम
(१६) महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम
(१७) उपचार सेवा
(१८) मेडिको लिगल सेवा
(१९) स्वास्थ्य वीमा कार्यक्रम
(२०) सुपरीवेक्षण तथा अनुगमन
(२१) प्रशासनिक कार्य
(२२) रेडियोलोजी सेवा (अस्पतालमा मात्र)
(२३) प्रयोगशाला सेवा
(२४) शव गृह/पोस्टमार्टम सेवा (अस्पतालमा चिकित्सकबाट मात्र)
(२५) शल्य चिकित्सा सेवा (अस्पतालमा मात्र)
(२६) अस्पतालबाट संचालित फार्मेसी सेवा (अस्पतालमा मात्र)
(२७) बहिरङ्ग सेवा
(२८) २४ घण्टा आकस्मिक सेवा (अस्पतालमा मात्र)
(२९) एम्बुलेन्स सेवा
(३०) अन्तर सेवा (अस्पतालमा मात्र)
(३१) नसर्ने रोग नियन्त्रण तथा रोकथाम लगायत आँखा, नाक, कान घाँटी, मानसिक स्वास्थ्य सेवा
(३२) टेलिमेडिसिन सेवा
(३३) राष्ट्रिय अभियानलगायत तालिम, गोष्ठी, सेमिनार एवं विविध स्वास्थ्य कार्यक्रम

आदर्श गाउँपालिका

## परिच्छेद- ३

## अस्पताल व्यवस्थापन समितिको गठन र सन्चालनः

### ५. समितिको गठनः

(१) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन/विकास समितिको गठन हुनेछ ।

१. गाउँपालिका प्रमुख - अध्यक्ष
२. गाउँपालिका उपप्रमुख - उपाध्यक्ष
३. अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य
४. स्वास्थ्य क्षेत्रमा कृयाशील स्थानीय स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गर्ने म. स्वा. स्वं. से. हरू मध्येबाट गाउँपालिका प्रमुखले तोकेको १ जना महिला - सदस्य
५. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
६. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य
७. मे. सु. वा मे.अ. वा अन्य स्वास्थ्यकर्मीहरू मध्येबाट १ जना - सदस्य सचिव

(२) अन्य आमन्त्रितः

समितिले आवश्यकताअनुसार स्वास्थ्य क्षेत्रका विषयविज्ञ, इन्जिनियर, जनप्रतिनिधि तथा अन्य कर्मचारीहरूलाई आवश्यकता अनुसार वैठकमा आमन्त्रण गर्न सक्नेछ।

### ६. देहायका योग्यता भएको ब्यक्ति समिति पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागि योग्य हुनेछः

(क) नेपाली नागरीक ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्तर्गतको कुनै सङगठित संस्था सँग कुनै बेरुजु वा वक्यौता बाँकी नरहेको ।

(ग) उच्च नैतिक चरित्र भएको र कालो सूचिमा नपरेको ।

आदर्श गाउँपालिका

**७. पदावधिः**

(क) समितिका पदाधिकारीहरूको पदावधि नियुक्ति भएको मितिले ५ वर्षको हुनेछ ।

(ख) तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

**८. पदावधि रिक्त हुनेः**

निम्न अवस्थामा मनोनित सदस्यहरूको पद रिक्त हुनेछ।

(क) मृत्यु भएमा।

(ख) राजिनामा दिएमा।

(ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा।

(घ) फौजदारी अभियोग प्रमाणित भएमा।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा।

**९. काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारबाट जारी गरीएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

आदर्श गाउँपालिका

(ङ) स्वास्थ्य सेवा तथा सुविधासम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रबन्ध मिलाउने ।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने।

(छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापनसम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरूलाई सहज रूपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

(ज) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने।

(झ) भूगोल, अल्पसङख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरीक, विपन्न वर्ग, अपाङगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूहसमेतलाई मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बालस्वास्थ्य तथा मातृ शिशु सुरक्षा कार्यक्रमजस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने ।

(ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्याङक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत सम्भारको व्यवस्थापन गर्ने।

(ड) अस्पतालबाट दिइने सेवाको लक्ष्यअनुसार प्रगति भए नभएको अनुगमन गर्ने।

(ढ) भौगोलिक कार्यक्षेत्रभित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

(ण) स्वास्थ्य सेवामा सुशासन, जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

आदर्श गाउँपालिका

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिकाअन्तर्गतका गाउँपालिका सामाजिक विकास समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने।

(थ) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(न) अस्पताल सञ्चालनको लागि गाउँपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने।

(प) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरूको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

(फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच.एम.आइ.एस. (HMIS) अनुसार तयार गरी डि.एच.आई.एस.२ (DHIS2) मा तथ्याङ्क प्रविष्ट गर्ने।

(ब) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीतिबमोजिम स्वास्थ्यसम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने।

(भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्यसम्बन्धी कार्यक्रम तथा अभियानहरू ।

(म) गाउँपालिकाले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने।

**१०. समितिको बैठक र सञ्चालन विधिः**

(१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा एक महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ। तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिका सदस्यहरूको बहुमतको उपस्थिति (५१ प्रतिशत) भएमा बैठकको गणपूरक सँख्या पुगेको मानिनेछ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन्। तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन्।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले र अध्यक्षज्यूले प्रमाणित गर्नेछन्।

**(६) बैठकको तयारी तथा सञ्चालन प्रक्रिया निम्नअनुसार हुनेछः**

(क) पूर्व सूचनाः बैठक हुनुभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमबाट मितिका सदस्यहरूलाई (बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयबारे जानकारी दिएको हुनुपर्दछ ।)

(ख) बैठक पुस्तिकाः बैठकको निर्णय एवं उपस्थितिको अभिलेख राखे बैठक पुस्तिका राखेको हुनुपर्दछ ।

(ग) छलफलका विषयहरूको तयारीः बैठकका लागि आवश्यक छलफलका विषयहरू पूर्व निर्धारित हुनुपर्दछ सहभागीहरूको बस्ने व्यवस्थाः बैठक स्थानमा सदस्यहरू समानुपातिक र सजिलोसँग बसेको हुनुपर्दछ ।

(घ) उपस्थिति सङख्याः बैठकमा सदस्यहरूको उपस्थिति ५१ प्रतिशत वा यसभन्दा बढी रहेको हुनुपर्दछ ।

(ङ) प्रगति समीक्षाः बैठकमा अघिल्लो बैठकमा भएका निणर्यहरूको प्रगति समीक्षा हुनुपर्दछ।

(च) सदस्यहरूको सहभागिताः बैठकमा सबै सदस्यहरूलाई पालैपालो आ-आफ्नो भनाइ राखे मौका दिइनु पर्दछ ।

(छ) निर्णय प्रक्रियामा सहभागिताः बैठकमा उपस्थित महिला र दलित सदस्यहरूले आफ्नो भनाइहरू राखेको र उक्त भनाइलाई निर्णय प्रक्रियामा महत्त्व दिएको हुनुपर्दछ ।

(ज) जिम्मेवारी बाँडफाँडः कार्ययोजनामा उल्लिखित कार्यहरू गर्न एकभन्दा बढी सदस्यहरूलाई जिम्मेवारी तोकिएको हुनुपर्दछ ।

आदर्श गाउँपालिका

(झ) मासिक प्रगति समीक्षाः स्वास्थ्य संस्थाबाट गत महिनामा गरीएको कार्यक्रमको प्रगति समीक्षा गर्नुपर्दछ ।

(ञ) आगामी कार्यक्रमहरूको जानकारीः स्वास्थ्य संस्थाका प्रमुख वा अन्य कर्मचारीबाट आगामी महीनामा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम बारे जानकारी दिनुपर्दछ ।

(ट) अभिलेख राख्ने तरिकाः बैठकका निर्णयहरू बुदागत रूपमा कार्ययोजनाको स्वरूपमा अभिलेख राखुपर्दछ ।

(ठ) आगामी बैठकः आगामी बैठकका निम्ति मिति र समय तोकेको हुनुपर्दछ ।

(ड) बैठक समयः तोकिएको ठीक समयमा शुरु गरेसरि ठीक समयमा नै अन्त गरेको हुनुपर्दछ।

(ढ) प्रत्येक बैठकको एजेन्डा र निर्णयहरू निश्चित ढाँचा अनुसारको माइन्यूट पुस्तिकामा अभिलेखीकरण गर्नुपर्दछ।

(ण) अध्यक्ष वा सदस्य सचिवले कार्ययोजनामा तोकिएको जिम्मेवार व्यक्तिलाई कामको अवस्थाबारे सोध्ने गरेको हुनुपर्दछ ।

(त) कार्ययोजनामा तय गरेको कार्य सम्पन्न गर्न जिम्मेवार व्यक्तिलाई अन्य सदस्यहरूले आवश्यकता अनुसार सहयोग गरेको हुनुपर्दछ ।

(थ) स्थानीय स्तरको प्राकृतिक प्रकोपको इतिहासलाई आधार मानी बैठकको पूर्व तयारी गर्नुपर्ने हुन्छ ।

(७) व्यवस्थापन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

**११. सल्लाहकार समिति गठनः**

आवश्यकता अनुसार अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले “सल्लाहाकार समिति” मनोनित गर्न सक्ने छ ।

## परिच्छेद- ४

## कोष तथा लेखा परीक्षण

**१२. अस्पतालको कोषः**

(१) अस्पताल सञ्चालन तथा व्यवस्थापन/ विकास समितिको नाममा छुट्टै कोष रहनेछ ।

आदर्श गाउँपालिका

(२) उप दफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) गाउँपालिका बाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नुअगाडि प्रचलित कानूनबमोजिम स्वीकृति लिनु पर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरीने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

**<u>१३. कोष खाता संचालनः</u>**

(१) अस्पताल विकास समिति र अस्पतालको आयव्यय दुरुस्त राख्न समितिले निर्णय गरी तोकिएका व्यक्तिहरू; अस्पताल विकास समितिको अध्यक्ष, प्र.प्र.अ., ले.अ. र सदस्य सचिवहरू मध्येबाट २ जना वा ३ जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्नेछ। उपरोक्त व्यक्तिहरूमध्ये १ जनालाई लेखाको जिम्मेवारी दिइनेछ ।



आदर्श गाउँपालिका

(२) अस्पतालको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरेबमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानुनबमोजिम सञ्चालन हुनेछ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त. आर्थिक विवरण तयारी सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय (व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु पछ्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

**१४. लेखा समिति गठनः**

आधारभूत अस्पतालको लेखा व्यवस्थापन तथा अनुगमनका लागि देहाय बमोजिमको लेखा समिति गठन हुनेछ ।

क. गाउँ कार्यपालिकाको कार्यालयले तोकेको लेखा सम्बन्धित विषयमा जानकार व्यक्ति- सदस्य

ख. गाउँ कार्यपालिकाको लेखा अधिकृत - सदस्य

ग. गाउँ कार्यपालिकाको कार्यालयले तोकेको कार्यपालिका महिला सदस्य - सदस्य

**१५. लेखा परीक्षणः**

क) अस्पताल व्यवस्थापन समितिले तोकिएबमोजिम अस्पतालको आय-व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

ख) आन्तरिक लेखा परिक्षण गाउँपालिका को आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ।

ग) समितिको अन्तिम लेखा परीक्षण गाउँपालिकाको श्रेस्तासँगै महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

**१६. बैठक भत्ताः**

समितिका सदस्यहरूको बैठक भत्ता तथा बैठक सम्बन्धित अन्य खर्च गाउँपालिकाको खर्च कार्यविधि तथा आर्थिक नियमावली बमोजिम अस्पताल व्यवस्थापन समितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ ।

## परिच्छेद — ५

## जनशक्ति, औषधी उपकरणको व्यवस्थापन

**१७. कर्मचारी व्यवस्थापनः**

(१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरवन्दी निर्धारण गरेअनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ।

(क) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपूर्ति हुने स्थायी जनशक्ति;

(ख) **करारः** करार सेवामा भर्ना गरीएका जनशक्ति;

(ग) **अभ्यासकर्ताः** छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिका को सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी;

(घ) विषयविज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरू;

(ङ) विभिन्न शैक्षिक सस्थाहरूवाट आएका ईन्टर्नसिप (OJT) विद्यार्थीहरू;

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले गाउँपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्वतिअनुरुप प्रचलित कानूनबमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरूको सेवा शर्त र सुविधा प्रचलित कानूनमा व्यवस्था भए भन्दा कम नहुने गरी समितिले निर्धारण गर्नेछ।

आदर्श गाउँपालिका

(५) यो कार्यविधि प्रारम्भ हुँदाका वखत अस्पतालमा कार्यरत कर्मचारीहरूलाई व्यवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(६) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

(७) अस्पतालको आफ्नै जनशक्ति, दरबन्दी संरचना हुनेछ; तर कार्यपालिकाले आवश्यकता अनुसार समय समयमा केही संशोधन तथा थपघट पनि गर्न सक्नेछ ।

(८) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ।

(९) अस्पतालका प्रमुख सँग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसँग अस्पताल प्रमुखले कार्य सम्पादन करार गर्नुपर्नेछ।

(१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकताअनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(११) समितिले अस्पतालमार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ ।

(१२) समितिले गाउँपालिका सँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

**<u>१८. अभ्यासकर्ता सम्वन्धी व्यवस्था;</u>**

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगी सम्वन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरूलाई अस्पतालले प्रचलित कानूनबमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

**<u>१९. कर्मचारी स्वास्थ्यकर्मीहरूको सेवा सुविधाः</u>**

कर्मचारी तथा स्वास्थ्यकर्मीहरूको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालीन सेवा तथा सट्टा बिदा प्रचलित कानुनबमोजिम तथा समितिले तोके बमोजिम हुनेछ ।

## २०. औषधि खरिद, भण्डारणः

(१) गाउँपालिका बाट निःशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा गाउँपालिकासँगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरीद गर्न सक्नेछ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई गाउँपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

(३) अस्पतालले निःशुल्क उपलव्ध गराउने औषधी नियमितरुपमा उपलब्धताको व्यवस्था गर्नु पर्नेछ।

(४) अस्पतालले अस्पतालमा आउने बिरामीको सँख्या तथा रोगको आधारमा औषधीको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ।

(६) औषधी आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउनुपर्ने र दैनिक औषधीको खपतलाई मौजदात दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नु पर्नेछ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापन समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(९) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्नबमोजिम जानकारी दिनुपर्नेछ ।

(क) औषधीको सेवन विधि र मात्रा

(ख) औषधीको सेवन अवधि

(ग) औषधीबाट हुन सक्ने प्रति-असर

(घ) औषधी सेवन अवधिभर अपनाउनुपर्ने सावधानी

आदर्श गाउँपालिका

(ङ) औषधी सुरक्षित राख्ने स्थान र विधि

(१०) औषधी वितरण गर्दा औषधी विक्री वितरण सम्बन्धी संहिता र औषधीसम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(११) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ ।

**२१. फार्मेसी सञ्चालन गर्ने:**

(१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ।

(२) फार्मेसीमार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

(३) फार्मेसी सञ्चालनसम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून र फार्मेसी सञ्चालन निर्देशिकाबमोजिम हुनेछ ।

**२२. एम्बुलेन्स संचालन:**

(१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ।

(२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

**२३. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन:**

(१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

आदर्श गाउँपालिका

(४) अस्पतालले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलव्ध गराउनु पर्नेछ र आधारभूत सेवाबाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा सोही वीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरीरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरीने छैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शीर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ।

<u>**२४. सेवा व्यवस्थापनः**</u>

(१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ (दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्डबमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(२) अस्पतालले बहिरङ्ग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरू र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने छ।

(३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरू उपलब्ध हुने समय तालिका (दिन र बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ।

(५) बिरामीले आफूले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने ब्यबस्था सुनिश्चित गर्नेछ ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।

आदर्श गाउँपालिका

(७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

(८) अस्पतालमा विश्व स्वास्थ्य सङगठनले निर्धारण गरेका मापदण्डबमोजिम सङ्क्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकमीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(१०) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनु पर्नेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र सावुन उपलब्धता गराउनुपर्नेछ ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, सङ्कलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राख्नुपर्नेछ ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँसहितको सफा र सुविधा युक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरूका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य सङ्गठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(१८) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिबार्य रुपमा उपलब्ध हुनेछ। थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठुला गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधिअनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ।

(२१) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य बिद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्ने ब्यबस्था हुनुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारण मा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रुपमा सञ्चालन गर्न समितिले छुट्टै कार्यसञ्चालन निर्देशिका तयार गरी लागू गर्नेछ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरीक, वालवबालिका र अपाङ्गता मैत्री हुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२७) अस्पतालमा चटयाङ छल्ने एन्टिलाइटिङ सिस्टमको जडान, आगो निभाउने फायर एस्टिङग्युसरको व्यवस्था भएको हुनुपर्नेछ ।

(२८) अक्सिजन आपूर्तिको नियमित व्यवस्था भएको हुनुपर्नेछ ।

(२९) आकस्मिक कक्षमा आकस्मिक अवस्थामा बर्हिगमन द्वारको आवश्यक व्यवस्था मिलाएको हुनुपर्नेछ।

(३०) आकस्मिक कक्ष, सुत्केरी कक्ष तथा वार्डमा सक्सन मेसिन, सुचर सेट, एम्बु ब्याग, अक्सिजन, आकस्मिक कक्षमा कार्डियाक मोनिटर, इसिजी मेसिन, इलेक्ट्रिक डिफिब्रिलेटर, आकस्मिक

औषधी सहितको ट्रली, ट्राकियोस्टोमी सेट, भेनस सेक्सन सेट, इ.टी. ट्युव सेट, इ.एन.टी सेट, नेबुलाइजर, सि.भि.पी. लाइन सेट, बाटरसिल ड्रनेज सेट, सूचना पाटी, ह्विल चेयर, स्ट्रेचर, फुट स्टेप, स्क्रिन, ग्यास्ट्रिक ट्युव सेट लगायत आवश्यक उपकरणहरूको व्यवस्था भएको हुनुपर्नेछ ।

(३१) अस्पतालमा पानी, बिजुली (व्यकअप सहित), सञ्चार सुविधा, पार्किङ सुविधा, स्वस्थकर वातावरणको लागि वृक्षारोपण तथा बगैंचाको व्यवस्था भएको हुनुपर्नेछ ।

(३२) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद -६

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

### २५. अस्पताल सूचना प्रणालीः

(१) अस्पतालबाट प्रदान गरीएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी सूचना गाउँपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकताअनुसार उपलब्ध गराउनुपर्नेछ।

(३) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट प्राप्त गर्ने सेवा, प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको अनुसूची-१ बमोजिमको नागरीक बडापत्र अस्पतालको अग्र भागमा देखिने गरी राख्नुपर्नेछ र सोहीअनुरूप सेवाहरू सुनिश्चितता गर्नुपर्नेछ ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवालगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

आदर्श गाउँपालिका

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्ने छ ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समयसमयमा अस्पतालले जनचेतनामूलक अभियान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

(९) अस्पतालले स्वास्थ्यसम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोकेबमोजिम प्रेषण तथा डि.एच.आई.एस.टु (DHIS2) मा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले सङ्कलन गरेको स्वास्थ्यसम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**२६. गुनासो व्यवस्थापन:**

(१) अस्पतालले सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमितरुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव सङ्कलन गर्ने र त्यसको सम्वोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ।

**२७. प्रेषण सम्बन्धी व्यवस्था:**

(१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर, अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अबस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सोको अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।



आदर्श गाउँपालिका

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जासहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सेवाग्राहीको इच्छाबमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्नेछैन ।

(७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका बिरामी र विपन्न नागरीकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्चसम्बन्धी व्यवस्था गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

(९) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकीकरण गर्न सक्नेछ।

(१०) अस्पतालमा प्रेषण भई आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ता पूर्जासहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिकरुपमा राख्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीको विवरणहरू उल्लेख गरी अनुसूची-२ बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछ ।

## परिच्छेद-७

## विविध

**२८. अस्पतालको छापः**

अस्पतालको सम्पूर्ण काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमूना र आकार अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ।

आदर्श गाउँपालिका

## २९. अस्पतालको सङ्गठन संरचनाः

अस्पतालको सङ्गठन संरचना देहाय बमोजिम हुनेछ।

**तपशिलः**

| क्र.स. | पदनाम | तह | समुह | सेवा | सँख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ब. क./क.मे. जनरलिष्ट | ९/१० | चिकित्सक | ज.मे. | १ | |
| २ | मेडिकल अधिकृत | ८ | चिकित्सक | ज.मे. | २ | |
| ३ | हे.अ./सि.अ.हे.ब. | ५/६/७ | हे.ई. | स्वास्थ्य | ४ | |
| ४ | स्टाफ नर्स/सि.अ.न.मी | ५/६/७ | नर्सिङ्ग | स्वास्थ्य | ६ | |
| ५ | कविराज (आयुर्वेद) | ५/६/७ | आयुर्वेद | स्वास्थ्य | १ | |
| ६ | ल्याब टेक्निसियन | ५/६/७ | मे.ल्या.टे. | स्वास्थ्य | १ | |
| ७ | रेडियोग्राफर | ५/६/७ | हे.ई. | स्वास्थ्य | २ | |
| ८ | फार्मेसी सहायक | ५/६/७ | हे.ई. | स्वास्थ्य | १ | |
| ९ | अल्थाल्मिक सहायक | ५/६/७ | हे.ई. | स्वास्थ्य | १ | |
| १० | एनेस्थेटिक सहायक | ५/६/७ | हे.ई. | स्वास्थ्य | १ | |
| ११ | डेन्टल हाइजिनिस्ट | ४/५/६ | हे.ई. | स्वास्थ्य | १ | |
| १२ | नायव सुब्बा | ५ | प्रशासन | प्रशासन | १ | |
| १३ | सहायक लेखापाल | ४ | प्रशासन | प्रशासन | १ | |
| १४ | कम्प्यूटर सहायक | ४ | प्रशासन | विविध | १ | |
| १५ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | प्रशासन | ६ | |
| १६ | सरसफाईकर्मी | श्रेणी विहीन | प्रशासन | प्रशासन | ३ | |
| | **जम्मा** | | | | **३३** | |

## ३०. आकस्मिक कक्षको लागि न्यूनतम औषधी, औजार तथा उपकरणहरू

**(क) औषधीहरुः**

| क्र.स. | औषधीको नाम | औषधीको बनावट | परिमाण/मात्रा |
|---|---|---|---|
| 1. | Acetylsalicyclic acid (aspirin) | Tablet | 75mg |
| 2. | Adrenaline (epinephrine) | injection | 1mg in 1 ml |

आदर्श गाउँपालिका

| | | | |
|---|---|---|---|
| 3. | Albendazole | Chewable Tablet | 400mg |
| | | Suspension | 200 mg/5ml |
| 4. | Aluminium hydroxide + Magnesium Hydroxide (antacid) | Tablet | 250mg+250mg |
| 5. | Amitriptyline | Tablet | 10mg/25mg |
| 6. | Amlodipine | Tablet | 5mg |
| 7. | Amoxicillin | Oral Tablet | 500mg |
| | | Power for oral suspension | 125mg/5ml,100ml |
| | | Dispersible Tablet | 125mg |
| | | | 250mg |
| 8. | Ampicillin | Power for IV/IM Injection | 250mg vial |
| | | | 500mg vial |
| 9. | Artemether + Lumefantrine(AL) (Artemisinin based Combined Therapy- ACT) | Tablet | 200mg+120mg |
| 10. | Artesunate | Injection | 60mg ampoule |
| 11. | Artesunate | Injection | 60mg in 1 ml |
| 12. | Azithromycin | Tablet | 250mg |
| | | | 500mg |
| 13. | Benzathine bennzylpenicillin | Powder for Injection | 1200000IU |
| 14. | Calamine | Lotion | 15%w/v,30ml |
| 16. | Calcium gluconate | Injection | 1gm per 10ml (100mg/ml of 10ml) |
| 17. | Carbamazepine | Tablets | 100mg |
| | | | 200mg |
| 18. | Cefixime | Tablet | 200mg |
| 19. | Ceftraixone | Powder for Injection | 250mg/vial |
| | | | 500mg/vial |
| | | | 1gm w/vial |
| 20. | Cetrizine HCL | Tablet | 10mg |
| | | Syrup | 5mg/5ml |
| 21. | Charcoal activated | Powder in sachet | 10gm |
| 22. | Chlorhexidine (CHX) | Solution | Solution, 0.2% oral 50ml |
| | | Ointment | 4%, 5mg |
| 24. | Ciprofloxacin | Tablets | 250mg |
| | | | 500mg |
| | | Eye/Ear Drop | 0.3%w/v,5ml |
| | | Eye ointment | 0.3,5g |
| | | Injection | 200mg/100ml |
| 25. | Clotrimazole | Skin Cream | 1%,25g |

| | | | |
|---|---|---|---|
| | | Vaginal Tablets | 100mg |
| | | Mouth Paint | 1%w/v,15 |
| 26. | Clove oil | Liquid | 5ml |
| 27. | Cloxacillin | Capsules | 250mg |
| | | Power for oral liquid | 125mg/5ml in 100 |
| 29. | Cotrimoxazole (Sulphamethoxazole and Trimethoprim 5.1) | Tablets | 400mg+80mg |
| | | | 800mg+160mg |
| | | Syrup | 200mg+40mg/5ml,60ml |
| 31. | Dexamethasone | Injection | 4mg in 1ml ampoule |
| 32. | Dextrose (glucose) | Injections | 5%,500ml |
| | | | 25% of 50ml amp |
| 33. | Diazepam | Injection | 2ml amp (5mg/ml) |
| | | Tablets | 50mg |
| 34. | Diclofenac sodium | Tablet | 50mg |
| | | Injection | 3ml ampoule (25mg/ml) |
| 35. | Doxycycline | Capsule | 100mg |
| 38. | Fluconazole | Capsule | 150mg |
| 39. | Flucoxetine | Capsule | 20mg |
| 40. | Folic Acid | Tablets | 5mg |
| 41. | Frusemide | Tablet | 40mg |
| 42. | Gentamicin | Injection | 40mg/ml in 2ml |
| 43. | Gention Violet | Aqueous solution | 1%, 10 ml |
| 44. | Glimepiride | Tablets | 1mg |
| | | | 2mg |
| 47. | Hydrocortisone | Powder for injection | 100mg in vial |
| 48. | Hydrocortisone butylbromide | Injection | Inj.20mg/ml |
| | | Tablet | 10mg |
| 49. | Ibuprofen | Tablets | 200mg |
| | | | 400mg |
| | | Syrup | 100mg/5ml |
| 52. | Lignocaine hydrochloride | Injection | 2% in vial, 30ml |
| 53. | Lignocaine with adrenaline | Injection | 2% plus Adenaline 1:10,000,30 ml |
| 54. | Losartan | Tablets | 25mg |
| | | | 50mg |
| 55. | Magnesium Sulphate | Injection | 500mg/ml in 2ml ampoule |
| 58. | Metformin | Tablets | 500mg |
| | | | 1000mg |
| 59. | Methyldopa | Tablets | Tab 250mg |
| 60. | Metoclopramide | Tablets | 10mg |

आदर्श गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | Solution | 5mg/5ml |
| | | Injection | 5mg/ml in 2 ml ampoule |
| 61. | Metronidazole | Tablets | 200mg |
| | | | 400mg |
| | | Oral Liquid | 200mg/5ml,90ml |
| | | Injection | 500mg/100ml |
| 62. | Mifepristone + Misoprostal | Tablets | Combi pack includes 200mg+4(200)mcg |
| 63. | Misoprostal | Tablets | 200mcg |
| 64. | Neomycin skin | Ointment | 2%w/v 10 gm |
| 65. | Nifedipine | Tablets | 10mg |
| 66. | Nitrofurantion | Tablets | 100mg |
| 67. | Normal Saline NS | Solution | 0.9% infusion solution, 500 ml |
| 69. | Oral Rehydration salts (ORS) | Powder | WHO formula sachet/litrs |
| 70. | Oxygen | Inhalation | Medical Gas |
| 71. | Oxymetazoline | Nasal Drop | 0.025%:10ml |
| | | | 0.05% 10ml |
| 72. | Oxytocin | Injection | 10 IU/ml |
| 73. | Paracetamol | Injection | 150 mg/ml in 2 ml ampoule |
| | | Tablets | 500mg |
| | | syrup | 125 mg/5ml, 50ml |
| 76. | Permethrin | Lotion | 1% 100ml |
| | | Cream | 5% w/v 30g |
| 77. | Pheniramine | Injection | 22.75 mg/ml 2ml |
| 78. | Phenobarbital | Tablets | 30mg |
| | | Injection | 100mg/ml |
| 79. | Povidine Iodine | Solution | 5% w/v 500ml |
| 80. | Pralidoxim solution | Injection | 500mg,20ml |
| 81. | Prednisolone | Tablets | 5mg |
| | | | 10mg |
| | | | 20mg |
| 82. | Primaquine | Tablets | 7.5mg |
| 83. | Pyrodoxine | Tablets | 10mg |
| 84. | Ranitidine | Tablets | 150mg |
| | | Injection | 25mg/ml in 2ml ampoule |
| 85. | Ringer Lactate (RL) | Solution | 500ml |
| 86. | Risperidone | Tablets | 1mg |
| | | | 2mg |
| 88. | Salbutamol | Solution for nebulization | 1mg/ml of 15 ml |

आदर्श गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | Oral Liquid | 2mg/5ml |
| | | Tab | 4mg |
| | | MDI | 100 mcg |
| 89. | Silver sulfadiazine | Cream | 0.2% w/v 15g |
| 91. | Tetanus Toxoid (TT) | Injection | 0.5ml/dose |
| 92. | Tetracycline | Eye ointment | 1%, 5g |
| 93. | Tinidazole | Tablets | 500mg |
| 94. | Sodium Valporate | Tablets | 200mg |
| 96. | Vitamin B complex | Tablets | |
| 97. | Vitamin K1 | Injection | 1mg/0.5ml |
| 98. | Zinc Sulphate | Dispersible Tablet | 10mg |
| | | | 20mg |

## (ख) उपकरणहरू:

1. Ambu Bag with mask (different size)
2. Artery Forceps
3. Salbutamol Inhaler
4. BP instrument
5. Blood Transfusion set
6. Clinwax ear drop
7. Crepe bandage 4" & 6"
8. Dissection Forceps Tooth & non- Tooth
9. Disposable syringe 3cc,5cc, 10cc,20cc Etc.
10. Endo Tracheal Tube (pediatric & Adult)3.0-8.5
11. Laryngeal mask Airway 3.0-8.5
12. Foly"s catheter 6f-20f, 3 way
13. Gloves different size
14. I/V canula14-24 G
15. I/V set, Pediatric Burret
16. I/V infusion Set
17. C.V.P. line set
18. Chest Tube Diff. size
19. Ipratropium bromide Inhaler+solution
20. Knee Hammer
21. Laryngoscope with blade (adult, pediatric size)
22. Leucoplast
23. Oxymetazoline nasal Drop
24. Needle Holder

आदर्श गाउँपालिका

25. Ryle"s Tube(N/G Tube)
26. Scissors (diff. types)
27. Silver Sulphadiazine Cream
28. Stethescope
29. Sunction machine with tubes
30. Thermometer
31. Sphygnomanometer
32. Tongue Depresser
33. Torch light
34. Uro Bag
35. Wooden Splint Different Size
36. Spinal Board -1
37. Cervical Collar 1-5
38. Antibiotic Inj. Different
39. Pulse Oxymeter
40. Otoscope
41. Opthalmoscope
42. Glucometer
43. Digital Clock
44. Oxygen supply
45. Emergency medicine trolly
46. ECG Machine
47. Suture Set
48. Enema Set
49. Vision Drum with Light & X-ray Reader Drum with Light 50. Cheatal Jar, Tray, dressing drum

आदर्श गाउँपालिका

**<u>३१. साझेदारी गर्न सक्ने:</u>**

अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नति सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवालगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा सञ्चालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

**३२. वार्षिक प्रतिवेदन पेश गर्ने:**

समितिले बर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**३३. निर्देशन पालना गर्नुपर्ने:**

कार्यपालिकाले दिएका निर्देशनहरूको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**३४. गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने:**

गाउँपालिकाको स्वीकृतिबिना अस्पताल विकास समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नुहुँदैन ।

**३५. अधिकार प्रत्यायोजन गर्न सक्ने:**

समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३६. कार्यविधिको पालना गर्नुपर्ने:**

यस कार्यविधिको पालना गर्नु गाउँपालिकाभित्रका सबै सरकारी अस्पतालको दायित्व हुनेछ ।

**३७. व्याख्या गर्ने अधिकार:**

यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाघा आई परेमा कार्यपालिकाले सोको व्याख्या गर्नेछ।

**३८. प्रचलित कानून बमोजिम हुने:**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसैबमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानूनबमोजिम हुनेछ ।

**३९. संशोधन गर्नु परेमा:**

यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन गर्नुपरेमा कार्यपालिकाबाट संशोधन हुनेछ ।

आदर्श गाउँपालिका

**अनुसूची १**

**दफा २५ को उपदफा ४ सँग सम्बन्धित**

**अस्पतालबाट प्रदान गरीने सेवाको**

**नागरीक बडापत्रको ढाँचा**

| सि.नं. | शाखा/ वार्ड | प्रदान गरीने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आदर्श गाउँपालिका

## अनुसूची २

## दफा २७ को उपदफा ११ सँग सम्बन्धित

### डिस्चार्ज सारांश ढाँचा

| | |
|---|---|
| ..........................................अस्पताल<br>डिस्चार्ज सारांश | |
| बिरामीको नामः | उमेरः |
| बिरामीको ठेगानाः | सम्पर्क नं. |
| अस्पतालको वार्डः | युनिटः |
| बिरामीको परिचयपत्र नं./दर्ता नं. | मितिः |
| समस्याहरुः<br>.................................................................................................................. | |
| परीक्षण विवरणः<br>.................................................................................................................. | |
| उपचारको क्रममा भेटिएका तथ्य, उपचार प्रक्रिया र पद्धतिः<br>.................................................................................................................. | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि, भर्ना भएको मिति र समयः<br>.................................................................................................................. | |
| उपचार सम्बन्धी विवरणः<br>....................................................... | सिफारिस औषधीको नाम, मात्रा र अवधिः<br>....................................................... |
| डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था र सो समयमा दिएको निर्देशनः<br>.................................................................................................................. | |
| पुनः अस्पताल आउने (Follow Up) सम्बन्धि विवरणः<br>यस उपचारको क्रममा पुनः अस्पताल आउनुपर्ने वा नपर्नेः<br>आउनुपर्ने मितिः | |
| अन्य आवश्यक कुराहरूः<br>.................................................................................................................. | |
| .................................<br>ईन्चार्जको हस्ताक्षर | |

आदर्श गाउँपालिका

## अनुसूची ३

## दफा २८ सँग सम्बन्धित

### अस्पतालको छापको नमूनाः

**१. छापको नमूनाः** आदर्श गाउँपालिकाको लोगोको तल अस्पतालको नाम र अस्पतालको ठेगाना रहनेछ ।

**२. छापको प्रकारः** नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,

भुवनराज पाण्डेय

प्रमुख प्रशासकीय अधिकृत

आदर्श गाउँपालिका